*February 5th,  2026  Thursday*

***यो आकाशवाणी हो।***
***समाचार मेनुका राईबाट सुन्नुहोस्।***

***शुरु गरौं यस बुलेटिनका प्रमुख समाचारहरुबाट***

१. प्रधानमन्त्रीले राज्यसभामा राष्ट्रपति अभिभाषणको धन्यवाद प्रस्तावमा भएको छलफलको उत्तर दिनु भयो
२. लोकसभामा विपक्षी दलका नेताहरुले गरेका हंगामाका कारण सदनको कार्यवाही स्थगित
३. प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि बिहान १० बजी देशभरिका विद्यार्थीहरूसँग परीक्षा पे चर्चा को नवौं संस्करणमा अन्तरक्रिया गर्नुहुनेछ
४. मन्त्री गोयलले भारत र अमेरिकाबीचको द्विपक्षीय व्यापार सम्झौताको पहिलो चरण लगभग तयार भइसकेको दिनुभयो जानकारी।
५. प्रधानमन्त्री मोदी फेब्रुवरी ७ र ८ तारिखमा जानु हुनेछ मलेसियाका भ्रमणमा

-----------------------------------------

***१.प्रधानमंत्री-धन्यवाद प्रस्ताव***

प्रधानमन्त्री नरेन्द्र मोदीले, भारत विश्व स्तरमा प्रतिस्पर्धा गर्न पूर्ण रूपमा तयार छ र निर्णायक नीतिगत सुधारहरू सहित आत्मविश्वासका साथ तेस्रो ठूलो अर्थव्यवस्था बन्ने दिशातर्फ अग्रसर रहेको कुरामा विश्वास व्यक्त गर्नुभयो। उहाँले भन्नुभए अनुसार सरकार सुधार, प्रदर्शन र रूपान्तरणको दृष्टिकोणबाट अघि बढिरहेको छ र देश सुधारको मार्गमा अघि बढेको छ। प्रधानमन्त्रीले राज्यसभामा राष्ट्रपति अभिभाषणको धन्यवाद प्रस्तावमा भएको छलफलको उत्तर दिँदै भन्नु भयो

प्रधानमन्त्री मोदीले यूरोपेली संघ र अमेरिकासहित विभिन्न देशहरूसँग भएका व्यापार समझौताबारे जानकारी दिँदै भन्नुभयो, भारतले ९ देशहरूसँगको व्यापार समझौता अन्तिम रूप दिइसकेको छ र हालै यूरोपेली संघका २७ देशहरूसँग सर्वाधिक ठूलो समझौता सम्पन्न गरेको छ। भारतले बलियो निर्माण पारिस्थितिकी तन्त्र विकास गरेर आफ्ना उद्यमीहरूलाई समर्थन गरिरहेको उहाँले बताउनु भयो।
प्रधानमन्त्री मोदीले युवा प्रतिभाका कारण विश्व भारततर्फ आशा र अपेक्षाका साथ हेरिरहेको उल्लेख गर्नुभयो। विश्व तीव्र गतिमा नयाँ वैश्विक व्यवस्था तर्फ अग्रसर छ र भारत धेरै देशहरूका लागि विश्वसनीय साझेदारको रूपमा उदाएको उहाँले थप भन्नुभयो।

-----------------------------------------

***२. लोकसभा स्थगित***

लोकसभामा भारत–अमेरिका व्यापार सम्झौतासहित विभिन्न विषयमा विपक्षी दलको हंगामाका कारण कार्यवाही निरन्तर अवरुद्ध रह्यो। हंगामाकै बीच राष्ट्रपतिको अभिभाषणप्रति धन्यवाद प्रस्ताव ध्वनि मतबाट पारित गरियो। लोकसभा अध्यक्ष ओम बिरलाले विरोध गरिरहेका सांसदहरूको व्यवहारप्रति असन्तुष्टि व्यक्त गर्दै अघिल्लो दिन भएको अभद्र व्यवहारका कारण प्रधानमन्त्री नरेन्द्र मोदी धन्यवाद प्रस्तावमाथि जवाफ दिन सदनमा उपस्थित हुन नसक्नुभएको बताउनु भयो। आज सदनको कार्यवाही तीन पटक स्थगित भयो र अन्ततः दिनभरका लागि स्थगित गरियो। तेस्रो स्थगनपछि दिउँसो ३ बजे कार्यवाही पुनः सुरु हुनासाथ कांग्रेस, डीएमके, तृणमूल कांग्रेस तथा अन्य विपक्षी दलका सदस्यहरू सरकारविरुद्ध नारा लगाउँदै सदनको बीचभागमा पुगे। यस क्रममा अध्यक्ष बिरलाले हंगामा गरिरहेका सदस्यहरूको व्यवहार संसदीय मान्यताविपरीत भएको भन्दै निन्दा गर्नुभयो र यसलाई संसदीय इतिहासमा ‘कालो दाग’ भन्नुभयो।
अध्यक्षले जानकारी दिँदै भन्नुभए अनुसार विश्वसनीय सूचनाका आधारमा अप्रिय घटना हुन सक्ने आशंकाले उहाँले अघिल्लो दिन प्रधानमन्त्रीलाई सदनमा नआउन सुझाव दिनुभएको थियो।

यसअघि बिहान ११ बजे सदन सुरु हुँदा पनि अध्यक्षले सत्तापक्षतर्फ पुगेर हंगामा गरेको विपक्षी सदस्यहरूको व्यवहारप्रति चिन्ता व्यक्त गर्नुभएको थियो। उहाँले सदनको मर्यादा कायम राख्नु सबै सदस्यहरूको सामूहिक जिम्मेवारी भएको भन्दै हंगामाकै बीच कार्यवाही दिउँसो १२ बजेसम्मका लागि स्थगित गर्नुभएको थियो।

-----------------------------------------

***३.जयशंकर – व्यापार समझौता***

विदेश मन्त्री डा. एस. जयशंकरले आज बताउनुभए अनुसार भारत–अमेरिका बीचको ऐतिहासिक व्यापार समझौताको अन्तिम रूप दिने काम चलिरहेको छ र यो छिट्टै पूरा हुनेछ। सामाजिक सञ्जालमा डा. जयशंकरले आफ्नो अमेरिका भ्रमण सफल र सकारात्मक रहेको बताउनुभयो। यस व्यापार समझौताले भारत–अमेरिका द्विपक्षीय सम्बन्धमा नयाँ अध्याय थप्नेछ र दुवै देशका लागि अपार सम्भावनाहरूको अवसर सिर्जना गर्ने उहाँले बताउनु भयो । श्री जयशंकरले भारतको महत्वपूर्ण खानी सहयोग पनि तीव्र रूपमा बढिरहेको उल्लेख गर्नुभयो साथै आउँदो दिनहरूमा रणनीतिक मुद्दा, रक्षा र ऊर्जा सम्बन्धी छलफल पनि हुने उहाँले जानकारी दिनुभयो।

-----------------------------------------

***४. प्रधानमन्त्री–परीक्षा पे चर्चा***

प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि बिहान १० बजी देशभरिका विद्यार्थीहरूसँग परीक्षा पे चर्चा को नवौं संस्करणमा अन्तरक्रिया गर्नुहुनेछ। यो कार्यक्रमको उद्देश्य परीक्षा तनावबारे छलफल गर्नु र परीक्षालाई जीवनको उत्सव र अविभाज्य अंगको रूपमा मनाउनु हो।

यस वर्ष अन्तरक्रियात्मक सत्रहरू देवमोग्रा, कोयम्बटूर, रायपुर, गुवाहाटी र दिल्लीको ७ लोक कल्याण मार्ग मा हुनेछन्। शिक्षा मन्त्रालयका अनुसार, चार करोड पचास लाखभन्दा बढी विद्यार्थी, शिक्षक र अभिभावकहरूले MyGov पोर्टल मार्फत कार्यक्रममा दर्ता गरिसकेका छन्। कार्यक्रम प्रत्यक्ष प्रसारण दूरदर्शन, प्रधानमन्त्रीको युट्युब च्यानल र शिक्षा मन्त्रालयका सामाजिक सञ्जाल प्लेटफर्ममा हेर्न सकिनेछ। साथै WAVES OTT, Amazon Prime Video, Jio, ZEE5, Sony LIV र Spotify लगायत विभिन्न OTT प्लेटफर्ममा पनि प्रत्यक्ष प्रसारण हुनेछ। प्रधानमन्त्रीद्वारा पहल गरिएको परीक्षा पे चर्चा ले विद्यार्थीहरूको परीक्षा अनुभवलाई पुनःआकार दिन, आत्मविश्वास, सकारात्मकता र समग्र भलाइ प्रवर्धन गर्ने लक्ष्य राखेको छ, जुन राष्ट्रिय शिक्षा नीति २०२० सँग मेल खान्छ। यस पहलले प्रत्येक वर्ष विद्यार्थी, अभिभावक र शिक्षकहरूबाट बढ्दो सहभागितासहित देशव्यापी जन आन्दोलनको रूपमा विकास पाएको छ।

-----------------------------------------

***५.गोयल–अमेरिका व्यापार सम्झौता***

वाणिज्य तथा उद्योग मन्त्री पियूष गोयलले भारत र अमेरिकाबीचको द्विपक्षीय व्यापार सम्झौताको पहिलो चरण लगभग तयार भइसकेको जानकारी दिनुभएको छ। नयाँ दिल्लीमा सञ्चारकर्मीहरूसँग कुरा गर्दै उहाँले दुवै देशबीच संयुक्त वक्तव्य करिब ४ देखि ५ दिनभित्र अन्तिम रूप दिएर हस्ताक्षर हुने अपेक्षा गरिएको बताउनुभयो। मन्त्री गोयलका अनुसार संयुक्त वक्तव्यमा हस्ताक्षर भएपछि अमेरिकाले शुल्क घटाएर १८ प्रतिशतमा झार्ने कार्यकारी आदेश जारी गर्नेछ। उहाँले थप जानकारी दिँदै संयुक्त वक्तव्यपछि औपचारिक सम्झौताको मस्यौदा पनि तयार पारिँदैछ र उक्त सम्झौता मार्चको मध्यसम्ममा हस्ताक्षर हुने अपेक्षा गरिएको छ।

-----------------------------------------

***६. संयुक्त राष्ट्र–भारत एआई सम्मेलन***

संयुक्त राष्ट्र महासचिव एन्टोनियो गुटेरेसले वैश्विक एआई शिखर सम्मेलन आयोजना गर्न भारतको नेतृत्वको प्रशंसा गर्नुभएको छ। उहाँले एआईले अन्तर्राष्ट्रिय सम्बन्धमा महत्वपूर्ण भूमिका खेलिरहेको बताउनुभयो। श्री गुटेरेस १९–२० फेब्रवरीमा नयाँ दिल्लीमा हुने भारत एआई इम्प्याक्ट सम्मेलन २०२६ मा सहभागी हुन आउनुहुनेछ। प्रधानमन्त्री नरेन्द्र मोदीका अनुसार यो विकासशील तथा अल्पविकसित देशमा आयोजना हुने पहिलो वैश्विक एआई सम्मेलन हो। सम्मेलनको विषय मानिस, ग्रह र प्रगति रहनेछ। शिखर सम्मेलनमा एआई शासकीय व्यवस्थाका समावेशी र दिगो दृष्टिकोण, वैश्विक डिजिटल सम्झौता तथा अन्तर वैश्विक डिजिटल सम्झौताले स्वतन्त्र, सुरक्षित र समावेशी डिजिटल भविष्यका लागि साझा दृष्टिकोण प्रस्तुत गर्दछ। यसका प्रमुख उद्देश्यहरूमध्ये आर्टिफिसियल इन्टेलिजेन्ससम्बन्धी एक स्वतन्त्र अन्तर्राष्ट्रिय वैज्ञानिक प्यानलको स्थापना गर्नु हो। यस प्यानलको उद्देश्य वैज्ञानिक बुझाइलाई सुदृढ बनाउनु र विश्वव्यापी नीतिगत छलफलहरूलाई ठोस प्रमाणका आधारमा मार्गदर्शन गर्नु हो। संयुक्त राष्ट्र महासचिव एन्टोनियो गुटेरेसले यस प्यानलमा विश्वका सबै क्षेत्रबाट ४० जना विज्ञहरूलाई समावेश गर्न सिफारिस गर्नुभएको छ।

-----------------------------------------

## *७. प्रधानमन्त्रीको मलेसिया भ्रमण*

प्रधानमन्त्री नरेन्द्र मोदी मलेसियाका प्रधानमन्त्री अनवर इब्राहिमको निमन्त्रणामा फेब्रुअरी ७ र ८ तारिखमा क्वालालम्पुर भ्रमणमा जानुहुनेछ। आगामी भ्रमणबारे सञ्चारमाध्यमलाई जानकारी दिँदै परराष्ट्र मन्त्रालयका पूर्व (ईस्ट) सचिव पी. कुमारनले यो प्रधानमन्त्री मोदीको मलेसियाको तेस्रो भ्रमण हुने बताउनुभयो। उहाँ अनुसार सन् २०२४ अगस्तमा मलेसियाली प्रधानमन्त्रीको भारत भ्रमणका क्रममा द्विपक्षीय सम्बन्धलाई व्यापक रणनीतिक साझेदारीमा बढाउने पहल गरिने सल्लाहको डेढ वर्षभित्रै यो भ्रमण हुन लागेको हो। यसले मलेसियासँगको सम्बन्धप्रति भारतको दृढ प्रतिबद्धता झल्काउने उहाँले बताउनुभयो।

-----------------------------------------

***अन्त्यमा यस बुलेटिनका प्रमुख समाचार पुनः एक पटकः***

१. प्रधानमन्त्रीले राज्यसभामा राष्ट्रपति अभिभाषणको धन्यवाद प्रस्तावमा भएको छलफलको उत्तर दिनु भयो
२. लोकसभामा विपक्षी दलका नेताहरुले गरेका हंगामाका कारण सदनको कार्यवाही स्थगित
३. प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि बिहान १० बजी देशभरिका विद्यार्थीहरूसँग परीक्षा पे चर्चा को नवौं संस्करणमा अन्तरक्रिया गर्नुहुनेछ
४. मन्त्री गोयलले भारत र अमेरिकाबीचको द्विपक्षीय व्यापार सम्झौताको पहिलो चरण लगभग तयार भइसकेको दिनुभयो जानकारी।
५. प्रधानमन्त्री मोदी फेब्रुवरी ७ र ८ तारिखमा जानु हुनेछ मलेसियाका भ्रमणमा

***आकाशवाणीबाट सुन्दै हुनुहुन्थ्यो समाचार, पूरा भयो।***